# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, चैत २ गते २०३२ साल [अतिरिक्ताङ्क ५६

### गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको

### सूचना

गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको व्यवस्था गर्न बनेको नियमावली

नेपालको संविधानको धारा ६७ ख. को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले बनाएको देहायका नियमहरूलाई श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति नियमावली, २०३२" रहेको छ ।

(२) यो नियमावली गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले सूचना प्रकाशित गरी तोकेको अञ्चलमा सोही सूचनामा तोकिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "केन्द्रीय समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "अञ्चल समिति" भन्नाले नियम ३ बमोजिम गठित हुने गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले अञ्चल समितिको सदस्य सम्झनु पर्छ र यो शब्दले अञ्चल समितिको अध्यक्षलाई समेत जनाउँछ।

(घ) "जिल्ला समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति सम्झनु पर्छ।

(ङ) "नगर समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान नगर समिति सम्झनु पर्छ।

(च) "गाउँ समिति" भन्नाले गाउँफर्क राष्ट्रिय अभियान गाउँ समिति सम्झनु पर्छ।

(छ) "वर्गीय संगठन" भन्नाले नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल प्रौढ संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठन सम्झनु पर्छ।

३. अञ्चल समितिको गठन : केन्द्रीय समितिले आवश्यकतानुसार प्रत्येक अञ्चलमा एउटा अञ्चल समिति गठन गर्न सक्नेछ। सो समितिमा केन्द्रीय समितिबाट मनोनीत एक जना अध्यक्ष, एक जना सदस्य-सचिव र सम्बन्धित अञ्चलभित्र पर्ने प्रत्येक जिल्लाबाट एकजनाको दरले अन्य सदस्य रहनेछन्। सम्बन्धित अञ्चलको अञ्चलाधीश अञ्चल समितिको पदेन सदस्य हुनेछ।

४. शपथ ग्रहण : सदस्यले कार्यभार सम्हाल्नुभन्दा अघि सम्बन्धित अञ्चलको अञ्चल न्यायाधीश समक्ष अनुसूची १ र २ मा तोकिए बमोजिमको पद र गोपनियताको शपथ ग्रहण गर्नु पर्नेछ।

५. पदावधि र पारिश्रमिक : (१) नियम ६ को अधीनमा रही सदस्यको पदावधि सामान्यतः चार वर्षको हुनेछ र निज पुनः मनोनीत हुन सक्नेछ।

(२) सदस्यको पारिश्रमिक तथा अन्य सुविधाहरू केन्द्रीय समितिले तोके बमोजिम हुनेछ।

६. सदस्य कायम नरहने : देहायका अवस्थामा अञ्चल समितिको सदस्यता कायम रहने छैन :

(क) केन्द्रीय समितिका अध्यक्ष समक्ष पेश गरेको लिखित राजीनामा निजबाट स्वीकृत भएमा,

(ख) केन्द्रीय समितिले हटाएमा,

(ग) अञ्चल समिति विघटन भएमा,

(घ) आचार संहिता उल्लंघन गरे बापत सदस्यबाट हटाइएमा,

(ङ) पदावधि समाप्त भएमा, वा

(च) पदेन सदस्यको हकमा निज आफ्नो पदमा नरहेमा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. रिक्त स्थानको पूर्ति : कुनै सदस्यको स्थान सो सदस्यको पदावधि समाप्त नहुँदै रिक्त हुन गयो भने त्यसको पूर्ति बाँकी अवधिको लागि मात्र हुनेछ ।

८. अञ्चल समितिको काम तथा कर्तव्य : यो नियमावलीमा अन्यत्र उल्लेख गरिएका अन्य कामको अतिरिक्त अञ्चल समितिले गर्नु पर्ने काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः—

(क) केन्द्रीय समितिद्वारा प्रतिपादित दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सिद्धान्त तथा व्याख्यालाई आफ्नो क्षेत्रभित्रका सबै पञ्च कार्यकर्ता र जनसाधारणलाई व्यापकरूपमा बोध गराउने,

(ख) केन्द्रीय समितिले समय समयमा तोकेको काम गर्ने तथा सो समितिबाट आएको निर्देशन पालन गर्ने, र

(ग) प्रचलित नेपाल कानूनमा व्यवस्था भए बमोजिम अन्य काम गर्ने ।

९. पञ्च भेलाको विवरण तैयार पार्ने : (१) केन्द्रीय समितिको निर्देशन बमोजिम अञ्चल समितिले अञ्चल स्तरमा पञ्च भेलाको सञ्चालन गर्नेछ ।

(२) पञ्च भेलामा छलफल तथा निर्णय भएका विषयहरूको विवरण तयार पारी आफ्नो सुझाव सहित उक्त विवरण अञ्चल समितिले केन्द्रीय समितिमा पठाउनु पर्छ ।

१०. राजनीतिक कार्यक्रम : (१) राजनीतिक कार्यक्रमको तर्जुमाको लागि जिल्ला, नगर वा गाउँ समितिबाट प्राप्त भएका सुझावहरू उपर समेत विचार गरी आफ्नो सुझाव तयार पारी अञ्चल समितिले केन्द्रीय समितिमा पठाउनेछ ।

(२) उप-नियम (१) बमोजिम अञ्चल समितिले सुझाव तयार पार्दा केन्द्रीय समितिले निर्धारण गरेको आधारभूत नीति तथा सो समितिले दिएको निर्देशनको आधारमा तयार पार्नेछ ।

११. विवरण तथा मूल्यांकन : (१) केन्द्रीय समितिद्वारा निर्धारित तरीका अनुसार जिल्ला, नगर वा गाउँ समिति र अन्य उपलब्ध श्रोतहरूबाट पञ्च कार्यकर्ताको आचरण तथा क्रियाकलाप बारे जानकारी प्राप्त गरी अंचल समितिले विवरण तयार गर्नेछ ।

(२) अञ्चल समितिले उपनियम (१) बमोजिम तयार गरेको पञ्च कार्यकर्ताको विवरणको प्रतिलिपि केन्द्रीय समितिमा पठाउनेछ ।

(३) उपनियम (१) बमोजिमको विवरणको आधारमा अञ्चल समितिले नगर वा गाउँ समिति, नगर पञ्चायत, गाउँ पञ्चायत र वर्गीय संगठनको प्रारम्भिक र जिल्ला कार्य समितिको सदस्यको मूल्यांकन गर्नेछ ।

(४) उपनियम (३) बमोजिम मूल्यांकन गर्ने विधि केन्द्रीय समितिले तोके बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८३

१२. आचार संहितासम्बन्धी कारवाही : (१) नगर समिति, गाउँ समिति, नगर पञ्चायत, गाउँ पञ्चायत वा वर्गीय संगठनका प्रारम्भिक वा जिल्ला कार्य समितिका कुनै सदस्यले आचार संहिता उल्लंघन गरेमा सम्बन्धित अञ्चल समितिले कारवाही गर्नेछ।

तर त्यसरी कारवाही गर्दा अञ्चल समितिले सम्बन्धित जिल्ला समितिको राय बुझ्ने छ।

(२) आचार संहिता उल्लंघन गरे बापत कारवाही गर्दा अपनाउनु पर्ने कार्यविधि केन्द्रीय समितिले निर्धारण गरे बमोजिम हुनेछ।

तर,

आरोप लागेका सदस्यलाई आफ्नो सफाइ दिनको निमित्त मनासिव मौकाबाट वंचित गरिने छैन।

(३) आचार संहिता उल्लंघन गरेमा देहाय बमोजिमको कारवाही हुन सक्नेछः–

(क) नसिहत दिने,

(ख) आत्म आलोचना गराउने,

(ग) सदस्यताबाट हटाउने, वा

(घ) कुनै निश्चित अवधिसम्मको लागि कुनै खास निकायको निर्वाचनमा उम्मेदवार हुनबाट वंचित गर्ने।

१३. वर्गीय संगठनको परिचालन : गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति नियमावली, २०३२ को नियम १६ मा उल्लेख भए अनुसार स्थानीय पञ्चायतहरूले विभिन्न वर्गीय संगठनहरूलाई कत्तिको क्रियाशील पार्न सकेका छन् भन्ने कुराको अञ्चल समितिले अध्ययन गरिरहनु पर्नेछ र त्यसको जानकारी केन्द्रीय समितिलाई दिनु पर्नेछ। त्यसरी अध्ययन गर्दा वर्गीय संगठनको परिचालनमा कुनै बाधा अडचन देखिएकोमा अञ्चल समितिले आफ्नो सुझाव समेत केन्द्रीय समितिमा पठाउनु पर्छ।

१४. अध्यक्षको कर्तव्य र अधिकार : अञ्चल समितिको अध्यक्षको कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :–

(क) उप-समितिहरू वा सदस्य-सचिवले पेश गरेको प्रतिवेदन वा प्राप्त सुझावहरू बैठकमा पेश गर्न लगाउने,

(ख) अञ्चल समितिले स्वीकृत गरेको निर्णयहरू कार्यान्वित गर्ने, गर्न लगाउने र तिनको कार्यान्वयनमा कुनै बाधा देखेमा बैठकमा पुनः विचारार्थ पेश गर्न लगाउने,

(ग) सदस्य-सचिवलाई कार्य सञ्चालनसम्बन्धी आवश्यक निर्देशन दिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्य पूर्तिको सिलसिलामा सदस्यहरूको बीच भएका छलफलको निष्कर्षको निर्णय पुस्तिका राख्न लगाउने र सो पुस्तिकामा दस्तखत गर्ने, र

(ङ) आफूभन्दा तल्लो तहका गाउँफर्क राष्ट्रिय अभियानका गतिविधि र अञ्चल समितिका निर्णय एवं सुझावहरू केन्द्रीय समितिमा पठाउने ।

१५. सदस्यहरूको कर्तव्य र अधिकार : अञ्चल समितिका सदस्यहरूको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) गाउँफर्क राष्ट्रिय अभियानका उद्देश्य अनुरूप अञ्चल समितिद्वारा तोकिएको काम पूर्ण जिम्मेदारी सहित सम्पन्न गर्ने गराउने, र

(ख) गाउँफर्क राष्ट्रिय अभियानको उद्देश्यहरू पूर्तिको लागि उपयुक्त सुझावहरू अञ्चल समितिमा पेश गर्ने ।

१६. सदस्य-सचिवको कर्तव्य र अधिकार : अञ्चल समितिका सदस्य-सचिवको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) अञ्चल समितिको निर्णयहरू निर्णय पुस्तिकामा लिपिबद्ध गर्ने गराउने,

(ख) अध्यक्षसंग परामर्श गरी अञ्चल समितिको बैठकमा पेश गर्ने विषयको सूची तयार पार्ने,

(ग) अञ्चल समिति अन्तर्गत गठन हुने उप-समितिहरू तथा गाउँफर्क राष्ट्रिय अभियानसंग सम्बन्धित विभिन्न अंगहरू बीच समन्वय कायम गर्ने तथा सहयोग पुऱ्याउने,

(घ) अञ्चल समितिको कार्यालयका कर्मचारीहरूको प्रशासन, रेखदेख र नियन्त्रण गर्ने,

(ङ) अञ्चल समितिको निर्णय प्रमाणित गर्ने,

(च) पञ्च कार्यकर्ताको विवरण र मूल्याङ्कनसम्बन्धी तथा अन्य गोप्य कागजातहरू गोप्य गरी राख्ने, र

(छ) अञ्चल समितिद्वारा समय समयमा तोकिए बमोजिमको कर्तव्यको पालन र अधिकारको प्रयोग गर्ने ।

१७. अञ्चल समितिको बैठकः (१) अञ्चल समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ ।

(२) अध्यक्षको निर्देशानुसार सदस्य-सचिवले बैठक बोलाउनेछ ।

(३) बैठकको अध्यक्षता अञ्चल समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा केन्द्रीय समितिले तोकेको अञ्चल समितिका अन्य सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ ।

(५) अञ्चल समितिको बैठक पूर्व सूचना दिएर बोलाउनु पर्नेछ ।

(६) विषयसूचीभित्र नपरेका विषयहरूमा अध्यक्षले बैठकमा छलफल हुन नदिने बन्देज लगाउन सक्नेछ ।

(७) अञ्चल समितिका सम्पूर्ण सदस्य संख्याको बहुसंख्या बैठकको गणपूरक संख्या मानिनेछ ।

तर गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा आवश्यकतानुसार अर्को बैठक बोलाइनेछ र सो बैठकमा गणपूरक संख्याको अनिवार्यता रहने छैन ।

(८) कुनै कारणवस सदस्य-सचिव अनुपस्थित भएमा केन्द्रीय समितिले तोकेको सदस्यले सदस्य-सचिवको काम गर्नेछ ।

१८. <u>उप-समितिः</u> (१) आफ्नो काम सुचारूरूपले सञ्चालन गर्न अञ्चल समितिले आफ्नो सदस्यको संयोजकत्वमा आवश्यकतानुसार उप–समिति गठन गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिमको उप-समितिको काम तथा कार्यविधि केन्द्रीय समितिले तोके बमोजिम हुनेछ ।

१९. <u>आन्तरिक कार्यविधिः</u> अञ्चल समितिले गर्नु पर्ने काम सुचारूरूपले सम्पादन गर्न यस नियमावलीमा लेखिएका कुराका अतिरिक्त अन्य कुनै कुराको सम्बन्धमा आन्तरिक कार्यविधि व्यवस्थित गर्न वाञ्छनीय देखिएमा केन्द्रीय समितिले यस सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

२०. <u>निर्देशनको पालनः</u> अञ्चल समितिले दिएको निर्देशन सम्बन्धित जिल्ला, नगर वा गाउँ समितिले पालन गर्नु पर्छ ।

२१. <u>अञ्चल समितिले गर्नेः</u> जिल्ला समिति नरहेको अवस्थामा उक्त समितिले गर्नु पर्ने काम सम्बन्धित अञ्चल सामतिले गर्नेछ ।

२२. <u>वार्षिक प्रतिवेदन तथा अधिवेशन :</u> (१) अञ्चल समितिले आफ्नो काम कारवाहीको संक्षिप्त वार्षिक प्रतिवेदन केन्द्रीय समितिमा पठाउनु पर्छ ।

(२) अञ्चल समितिले सम्बन्धित जिल्ला समितिका सदस्यहरूको आवश्यकतानुसार अधिवेशन बोलाउनेछ ।

२३. <u>कोष :</u> (१) केन्द्रीय समितिले स्वीकृत गरे बमोजिम सो समितिबाट प्राप्त रकमबाट अञ्चल समितिको आफ्नो एउटा कोष रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) केन्द्रीय समितिले तोके बमोजिम अञ्चल समितिले प्रत्येक वर्षको निमित्त अनुमानीत आय-व्ययको फाँट तयार गरी केन्द्रीय समितिमा पठाउनेछ।

(३) कोष सदस्य-सचिवको जिम्मा रहनेछ।

(४) केन्द्रीय समितिको निर्णय अनुसार सदस्य-सचिवले खर्च गर्नेछ।

२४. हिसावकिताव तथा लेखापरीक्षणः (१) अञ्चल समितिको आय–व्यय र नगद-जिन्सीको मास्केवारी सदस्य-सचिवले दुरूस्त राख्ने, राख्न लगाउनेछ।

(२) अञ्चल समितिको हिसावकितावको वार्षिक लेखापरीक्षण महालेखापरीक्षक-द्वारा हुनेछ र निजले त्यस्तो प्रतिवेदन केन्द्रीय समितिमा पठाउनेछ।

२५. बरबुझारथः (१) अञ्चल समितिको चल-अचल सम्पत्ति तथा कार्यालयको गैह्र कागजातहरू बरबुझारथ गर्ने दायित्व सदस्य-सचिवको हुनेछ।

२६. कर्मचारीहरूको नियुक्तिः (१) अञ्चल समितिको कार्यालयमा केन्द्रीय समितिका निर्णयानुसार स्वीकृत दरबन्दीको कर्मचारी रहनेछन्।

(२) अञ्चल समितिका कर्मचारीहरूको नियुक्ति, बढुवा, बर्खास्त तथा सेवाका अन्य शर्तहरू केन्द्रीय समितिले तोकिदिए अनुसार हुनेछ।

२७. खारेजीः यो नियमावली लागू भएको अञ्चलमा यसभन्दा अघि गठन भैरहेको अञ्चल अभियान समिति खारेज गरिएको छ।

२८. सम्पत्ति तथा कागजात बुझाउनेः नियम २७ बमोजिम खारेज भएका अञ्चल अभियान समितिका सबै चल-अचल सम्पत्ति तथा कार्यालयको गैह्र कागजातहरू सोही विघटित अञ्चल अभियान समितिका सदस्य-सचिवले नयाँ सदस्य-सचिवलाई बुझाउनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ४ संग सम्बन्धित)

श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरूप्रति पूर्णतया बफादार र पञ्चायती व्यवस्थाप्रति निष्ठावान रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्त लाई भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पालन गर्नेछु भनी गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिको अध्यक्ष।सदस्य ।सदस्य-सचिव पदमा नियुक्त भएको म . . . . . . . . . . . . . . .

ईश्वरको नाममा शपथ लिन्छु ।

सत्य निष्ठा सहित प्रतिज्ञा गर्दछु ।

हस्ताक्षर. . . . . . . . . . . . .

मितिः–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८८

अनुसूची–२

(नियम ४ संग सम्बन्धित)

म................ परमेश्वरलाई साक्षी राखेर शपथ ग्रहण गर्दछु कि गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिको अध्यक्ष।सदस्य।सदस्य-सचिवको हैसियतमा कामकाज गर्दा मलाई ज्ञान भएको वा हुन आएको गोप्य कुराहरू मेरो पदको कर्तव्य पालन गर्ना निमित्त बाहेक अरू कसैलाई म यस अञ्चल समितिको कार्यालयमा बहाल रहे नरहेको जुनसुकै अवस्थामा पनि लेखेर वा बोलेर वा अरू कुनै माध्यमबाट थाहा दिने छैन ।

हस्ताक्षर............

मिति:–

आज्ञाले–

डा. मोहम्मद मोहसिन

सदस्य-सचिव

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250